# श्री सिद्ध सालवाटा सामुदायिक वन उपभोक्ता समूह

चुरे गा.पा.-६, कोटढुङ्गी, कैलाली

## काठ लिलाम बिक्री सम्बन्धी विस्तृत विवरण सहितको सूचना

सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिः २०८१/०५/२९

उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको मिति २०८१/०५/०३ गतेको निर्णय तथा सब डिभिजन वन कार्यालय चुरे-३, सहजपुर, कैलालीको च.नं. ०७ मिति २०८१/०५/२५ को पत्रबाट सिफारिस भई डिभिजन वन कार्यालय कैलालीको च.नं. ३५४ मिति २०८१/०५/२८ गतेको लिलाम सहमति बमोजिम संकलन गरी घाटगद्दी भई साल र खोटे सल्लो जातको गोलिया थान ११४ को १३०३।३५ क्यू.फिट लिंलाम प्रक्रियाद्वारा विक्री वितरण गर्नको लागि घाटगद्दीमा मौज्दात रहेको काठ घरायसी प्रयोजनका लागि सूचना प्रकाशित गर्दा कहि कतैबाट माग भई नआएकोले तपसिल बमोजिमको लट कायम गरी जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गर्नु परेको हुँदा डि.व.का.मा सुचिकृत भएका स:मिल (मूल्य अभिबृद्धि करमा दर्ता भएका) ले मात्र निम्न शर्तको अधिनमा रही यो सम्बन्धित सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट बोलपत्र खरीद गरी २२ औं दिनको ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

| सि.नं. | लट नं. आ.व. | घाटगद्दी स्थान | जात | ग्रेड | थान | परिमाण (क्यू.फिट) | न्यूनतम मूल्य (प्रति क्यू.फिट) | लागत खर्च (प्रति क्यू.फिट) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ / २०८१/०८२ | सा.व.उ.स. कम्पाउण्ड | साल | B | ७ | ६०।७३ | ९००।०० | १९०।०० | |
| | | | | C | ३५ | १४९।४९ | ६।०० | | |
| | | | | *जम्मा* | ४२ | २१०।२२ | | | |
| २ | २ / २०८१/०८२ | सा.व.उ.स. कम्पाउण्ड | खोटे सल्लो | A | ३४ | ६४८।४० | २५०।०० | १९०।०० | |
| | | | | B | ३८ | ४४४।७३ | १५०।०० | | |
| | | | | *जम्मा* | ७२ | १०९३।१३ | | | |

### शर्तहरु

१. यो सम्बन्धित सुचना श्री सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्रमा मु.ब.कर दर्ता भएको काठ व्यवासायि फर्मले रु. १०००/- (फिर्ता नहुने गरी) तिरी यस स.ब.को कार्यालयबाट बोलपत्र फर्म खरिद गर्न सकिने छ ।

२. आफुले सकार गरेको अंकको १० प्रतिशतले हुने धरौटी बापतको रकम स.ब.उ.स.को नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक लि. धनगढी शाखाको हि.नं. ४१७०१००००४९०५००१ मा जम्मा गरेको सक्कल भौचर वा नगद वा बैंक ड्राफ्ट तथा मु.अ. करमा दर्ता भएको प्रमाण पत्र काठ व्यवसायिको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत बोलपत्र साथ संग्लन गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्ने छ ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन विदा परेमा क्रमश: कार्यालय खोल्ने दिनमा उपरोक्त समय नै बोलपत्र खोल्ने विक्री, दर्ता खोल्ने कार्य हुने छ ।

४. बोलपत्र दर्ताले बोलपत्रमा आफ्नो नाम, ठेगाना लेखि दस्तखत गरी फर्म वा संघ संस्थाको छाप समेत लगाई खाममा राखि शिलबन्दी गरी खामको बाँया तर्फ आफ्नो नाम लेखि फर्म वा संस्थाको छाप लगाई दायाँ तर्फ बोलपत्र पेश हुने कार्यालयको नाम विषय र लट नं. उल्लेख गरी बोलपत्र पेश गर्नु पर्ने छ ।

५. बोलपत्र पेश गर्दा आफुले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हुने पर्ने छ । अंक र अक्षरमा फरक परेमा अंकलाई मान्यता दिइने छ ।